म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक २९५ शुक्रबार, २३ जेठ २०८२ ने. सं. ११४५ तछलाथ्व 6 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मेलमिलापबाट विवादको समाधान गरौ ।**

मेलमिलापबाट:
- ☞ विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- ☞ सम्बन्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- ☞ आपसी सम्बन्ध सुधार हुन सक्छ,
- ☞ सम्बन्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- ☞ तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,

विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### ५३ औं विश्व वातावरण दिवस मनाइयो, ७ जना सम्मानित

# नेपालीहरुले खाँदै नखाएको विष भोग्नुपरेको छ: मन्त्री सिलवाल

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ ५३ औं विश्व वातावरण दिवस हेटौंडामा मनाइएको छ । टोल विकास संस्था नगरसमन्वय समितिको आयोजनामा सप्ताहव्यापी कार्यक्रम गरी दिवस मनाइएको हो ।

बिहीबार विश्व वातावरण दिवसको दिन वातावरणीय सचेतनामूलक बृहत्र्याली, पुरस्कार वितरण र सम्मान कार्यक्रम सम्पन्न भएको हो । हेटौंडाका १९ वटै वडामा रहेका ३ सय ७६ टोल विकास संस्थाले आफ्नै क्षेत्रमा र हेटौंडाको मुख्य बजार वरपरका टोल विकास संस्थाले बजारक्षेत्रमा र्‍याली निकालेर यो दिवस मनाएका हुन् । 'प्लास्टिक प्रदुषण न्युनीकरण: हाम्रो दायित्व' भन्ने नाराकासाथ यसवर्षको विश्व वातावरण दिवस मनाइएको हो । हुप्राचौरबाट सुरु भएको र्‍याली शितलमहलचोक, पारिजातपथ, ओमभवन, बुद्धचोक हुँदै रोयल पार्टी प्यालेसमा गएर औपचारिक कार्यक्रममा परिणत भएको थियो ।

कार्यक्रममा नगरको वातावरण संरक्षण तथा सर सफाईमा योगदान पुर्‍याएको भन्दै ७ जनालाई सम्मान गरिएको थियो । हेटौंडा-१ का विकास थापामगर, हेटौंडा-१० का वीरबहादुर लामा, निर्मला राई र इन्द्रकुमारी राई, हेटौंडा-२ की रिता पाण्डे, हेटौंडा-९ की बालकुमारी घलान र हेटौंडा-४ का ओम परियारलाई प्रशंसापत्रबाट सम्मानित गरिएको हो ।

सप्ताहव्यापीरुपमा आयोजना भएका विभिन्न कार्यक्रममा उत्कृष्ट हुने प्रतियोगीलाई पुरस्कृत गरिएको थियो । उत्कृष्ट र्‍याली पुरस्कारतर्फ कालिकामाई टोल विकास संस्था हेटौंडा-८ प्रथम, मनकामना टोल विकास संस्था (ख) हेटौंडा-८ द्वितीय, विकास टोल विकास संस्था हेटौंडा-८ तृतीय, सिमलटार टोल विकास संस्था हेटौंडा-११, तपोवन टोल विकास संस्था हेटौंडा-१९, रुद्रेश्वर भजनमण्डली, स्वर्गद्वारी महिला पञ्चेबाजा र नेवा सांस्कृतिक पुच: सान्त्वना भएका छन् ।

प्रथम हुनेले नगद २० हजार, द्वितीय हुनेले १५ हजार, तृतीय हुनेले १० हजार र सान्त्वना हुनेले जनही ५ हजार नगद पाएका छन् । र्‍यालीतर्फ सिद्धार्थ मावि. प्रथम, आधुनिक राष्ट्रिय मावि द्वितीय र लक्ष्मी मावि. तृतीय हुन सफल भएका छन् । प्रथम हुनेले नगद १५ हजार, द्वितीय हुनेले १० हजार, तृतीय हुनेले ७ हजार ५ सय पाएका छन् । त्यसैगरी चित्रकला प्रतियोगितामा जिएस निकेतनकी आरोही राउत प्रथम, तासिरकी




दियाना उप्रेती दोश्रो, ब्रम्हदिकका प्रवेश श्रेष्ठ तृतीय भएका छन् । यस्तै, 'यदि म हेटौंडाको मेयर भए भने म मेरो सहरलाई कसरी सफा र प्लास्टिकरहित बनाउँछु' भन्ने विषयक भिडियो प्रतियोगितामा नवोदयका इतिस अधिकारी प्रथम, जिएस निकेतनकी आकांक्षा निरौला द्वितीय र नवोदयकै अभि बानियाँ तृतीय भएका छन् ।

विद्यालयस्तरीय खेर गएका वस्तुबाट उत्पादित सामग्रीको प्रतिस्पर्धामा नवोदय शिशुसदन प्रथम, आधुनिक राष्ट्रिय मावि द्वितीय, भुटनदेवी मावि तृतीय भएका छन् । प्रथम हुनेले नगद १० हजार, द्वितीय हुनेले ७ हजार ५ सय र तृतीय हुनेले ५ हजार पाएका छन् । बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले नेपालको हिमालयहरु कालो हुँदै गएकोमा चिन्ता व्यक्त गरेका छन् । जलवायु परिवर्तनको कारण तापक्रम बढ्दा हिमालहरु कालो हुँदै गएको उनको भनाई छ ।

५३ औं विश्व वातावरण दिवसको अवसरमा हेटौंडामा आयोजित कार्यक्रममा मन्त्री सिलवालले तटीय क्षेत्रमा बसोबास गर्नेहरु जलवायु परिवर्तनको चपेटामा परेको जिकिर गरेका छन् । नेपालीहरुले खाँदै नखाएको विष भोग्नुपरेको उनको धारणा छ । विश्वसमुदायको सामु हरेक नेपालीले जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्नको लागि आवाज उठाउनुपर्नेमा उनले जोड दिए । मन्त्री सिलवालले प्लास्टिक पोलिमरको अव्यवस्थित र अवैज्ञानिक प्रयोगले सिर्जना गरेको प्लास्टिकजन्य फोहोर वातावरणीय दृष्टिले चुनौतीपूर्ण बन्दै गएको बताएका छन् ।

उनले विश्व वातावरण दिवसको सार्थकता आफैंबाट सुरु गर्नुपर्ने बताए । पृथ्वी सबैको साझा घर भएकोले यसलाई जोगाउन हरेकको भान्साघरमा प्लास्टिकजन्य वस्तुको प्रयोग नगर्न र गरिहाले पनि न्युन मात्रामा प्रयोग गर्न उनले आग्रह गरेका छन् । आगामी बजेटमा सरकारले प्लास्टिक रहित वडा सुरु गर्ने योजना ल्याएको उनले दाबी गरे । हेटौंडाको १० नं. वडालाई प्लास्टिक रहित वडा बनाइने मन्त्री सिलवालले बताएका छन् । मन्त्री सिलवालले फोहोर व्यवस्थापनको प्रमुख जिम्मेवारी स्थानीय सरकारको भएको उल्लेख गरेका छन् । संघ सरकारसँग समन्वय गरेर वातावरणको क्षेत्रमा गर्नुपर्ने कार्य गर्न सरकार तयार रहेको उनले दाबी गरे ।

बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले मानव समुदायको गतिविधि वातावरणमैत्री हुनुपर्ने बताए । उनले कर्रा खोलाको फोहारलाई व्यवस्थापन गरी पर्यटकीयस्थल बनाउनपर्ने बताए । ८ वर्षअघि सुरु गरेको ट्रिटमेन्ट प्लान्ट छिटो सम्पन्न गर्न पनि उनले उपमहानगरपालिकालाई आग्रह गरे । हेटौंडालाई सुन्दर र व्यवस्थित बनाउने पहिलो दायित्व हेटौंडाबासीको नै भएको उनको भनाई छ । हेटौंडाको वातावरणलाई स्वच्छ बनाउन नसक्दा प्रदेश राजधानीको पहिचान नै गुम्नसक्ने भएकोले त्यसतर्फ सचेत रहन उनले आग्रह गरे । सांसद् श्रेष्ठले घरबाट निस्कने फोहोरलाई फ्याक्ने भन्दा पनि त्यसको पुनप्रयोग गर्नेतर्फ योजना बनाउनुपर्ने बताए ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले विकसित हुँदै गएको हेटौंडा सहरलाई नमूना सहर बनाउनुपर्ने बताइन् । संविधानमै सहअस्तित्व, समन्वय र सहकार्यको व्यवस्था भएकोले प्रदेश राजधानीलाई व्यवस्थित बनाउन प्रदेश सरकार सँग सहकार्य गर्न उपमहानगर तयार रहेको उनले बताइन् । टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुबप्रसाद अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सचिव डा.केदार बराल, नगरप्रवक्ता तथा १ नं. वडाअध्यक्ष सविन न्यौपाने, २ नं. वडाअध्यक्ष विष्णुगोपाल महर्जन, ४ नं. वडाअध्यक्ष नवीन सिग्देल, १० नं. वडाअध्यक्ष फुर्वादोर्जे लामा, ११ नं. वडाअध्यक्ष जुना दाहालको आतिथ्यता थियो ।

नेकपा (एकीकृत समाजवादी) का जिल्ला अध्यक्ष विष्णु दाहाल, नेकपा एमालेका जिल्ला सचिव सीता विष्ट, रेडक्रस सोसाइटी मकवानपुरका मन्त्री सुमित्रा काफ्ले लगायत गैरसरकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधि, टोल विकासका संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । संयुक्त राष्ट्रसंघको महासभाले घोषणा गरेको तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ का दिन संसारभर विश्व वातावरण दिवस मनाउने गरिएको छ । नेपालले यसै दिन अर्थात जुन ५ लाई विश्व वातावरण दिवसको रुपमा मनाउने गरेको छ ।

## १० महिनामा चारसय ५८ किशोरी आमा बने

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ मकवानपुरमा चालू आर्थिक वर्षको १० महिनामा चार सय ५८ जना किशोरी आमा बनेका छन् ।

जनस्वास्थ्य कार्यालय मकवानपुरले बिहीबार गरेको स्वास्थ्य अभिमुखीकरण कार्यक्रममा यो जानकारी दिइएको हो । कार्यालयले दिएको तथ्यांकअनुसार जिल्लाभर चार हजार एक सय २७ जना सुत्केरी भएकोमा ११ दशमलव शून्य ६ प्रतिशत २० वर्षमुनिका रहेका छन् । जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्ण मिजारका अनुसार गत आर्थिक वर्षमा १० दशमलव ९३ प्रतिशत किशोरी आमा बनेको तथ्यांक छ । तथ्यांक अनुसार गत आर्थिक वर्ष भन्दा चालू आर्थिक वर्षको १० महिनाको अवधिमा २० वर्ष भन्दा कम उमेरमा आमा बन्नेको संख्यामा वृद्धि भएको देखिएको छ । गत आवमा कुल चार हजार ४ सय ३० सुत्केरी भएका थिए ।

मकवानपुरमा रहेका १० वटा स्थानीय तहमध्ये सबैभन्दा बढी रक्सिराङमा कम उमेरमा आमा बन्नेको संख्या रहेको कार्यालय प्रमुख मिजारले बताए । यहाँ कुल सुत्केरी भएकामध्ये २४ दशमलव ११ प्रतिशत २० वर्ष मुनिका रहेका छन् । बागमतीमा २३ दशमलव ०४ प्रतिशत, बकैयामा १७ दशमलव ११ प्रतिशत, भीमफेदीमा १७ दशमलव शून्य ७ प्रतिशत किशोरी आमा बनेका छन् ।

त्यस्तै, कैलाशमा १५ दशमलव ५६ प्रतिशत, थाहा नगर पालिकामा ११ दशमलव ५९ प्रतिशत २० वर्ष नपुग्दै आमा बनेका छन् । मकवानपुरको बालमैत्री घोषणा भएका स्थानीय तहमा पनि कम उमेरमा आमा बन्नेका छन् । मनहरी गाउँपालिकामा १६ दशमलव शून्य ५ प्रतिशत, मकवानपुरगढीमा २३ दशमलव १६ प्रतिशत र हेटौंडा उपमहानगर पालिकामा ८ प्रतिशत २० वर्षमुनिका आमा बनेका तथ्यांक रहेको छ ।

## त्रीबुद्ध मूर्तिको प्राणप्रतिष्ठा तथा नवनिर्मित भवनको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले बिहिवार त्रीबुद्ध मूर्तिको प्राणप्रतिष्ठा तथा नवनिर्मित भवनको उद्घाटन गरेका छन् ।

प्राणप्रतिष्ठा तथा गुम्बा भवनको उद्घाटन गर्दै नेता बानियाँले बुद्ध भगवानको मूर्ति स्थापनाले नेपालका विभिन्न जातजातिमा धार्मिक र सांस्कृतिक संरक्षणमा महत्वपूर्ण सहयोग पुग्ने बताए । बुद्धको मार्गदर्शनले हजारौं वर्षदेखि मानिसलाई एकजुट बनाउँदै सत्य र अहिंसाको बाटोमा लाग्न प्रेरित गर्ने उनले बताए ।

नेता बानियाँले स्थानीय नेता, समाजसेवी तथा अग्रजको आग्रहमा आफूले बागमती प्रदेश सरकारको संस्कृति पर्यटन मन्त्रालयबाट वजेट विनियोजनमा सहयोग गरेको बताउँदै आगामी दिनमा पनि यो गुम्बाको घेराबारा तथा पूर्वाधार निर्माणमा सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । ७५ लाखमा निर्मित टासीदेलिङ बौद्ध गुम्बा समितिका अध्यक्ष राजकुमार गोलेको सभापतित्वमा मूर्तिको प्राणप्रतिष्ठा तथा नवनिर्मित भवनको उद्घाटन भएको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- ☞ इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# पालिकालाई पौने पाँच अर्ब अनुदान

मुलुक संघीयतामा गएपछि प्रादेशिक सरकार र स्थानीय सरकारले आफ्नो आयआर्जनमा खासै ध्यान दिन सकेका छैनन् । संघीय अनुदानमै भरपर्नुपर्ने अवस्था कायमै छ । करको दायरा फराकिलो बनाउनका लागि अध्ययन अनुसन्धानका लागि तीनै तहका सरकारले लगानी गर्न सकेका छैनन् । संघीय सरकारले पनि स्थानीय तहमा दिने अनुदान घटाउँदै लगेको अवस्था छ । आगामी आर्थिक वर्षका लागि संघीय सरकारले मकवानपुरका स्थानीय सरकालाई दिने अनुदान घोषणा गरेको छ । आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सरकारबाट मकवानपुरका १० स्थानीय तहका लागि ४ अर्ब ७४ करोड २५ लाख रुपैयाँ वित्तीय हस्तान्तरणमार्फत बजेट विनियोजन भएको छ । आर्थिक वर्ष २०८२/८३ का लागि गरिएको बजेट भाषणमार्फत बजेट विनियोजन गरिएको हो । संघीय सरकारले वित्तीय हस्तान्तरणअन्तर्गत वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान प्रदेश तथा स्थानीय तहलाई पठाउने गरिएको छ । अघिल्ला वर्षहरुमा जस्तै वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने बजेटको आकारमा हेटौंडाले सबैभन्दा बढी पाएको छ । हेटौंडा उपमहानगरपालिकाले समानीकरण अनुदान २९ करोड ७६ लाख, सशर्त अनुदान ८३ करोड ४९ लाख, विशेष अनुदान १ करोड ५० लाख र समपूरक अनुदान ४ करोड ७५ लाख गरी कुल १ अर्ब १९ करोड ५० लाख रुपैयाँ पाएको छ ।

त्यसैगरी थाहा नगरपालिकाले ४६ करोड ५४ लाख बजेट प्राप्त गर्दा बकैयाले ५१ करोड ३१ लाख रुपैयाँ बजेट पाउने भएको छ । थाहानगरले समानीकरण १२ करोड ३९ लाख, सशर्त ३१ करोड ६६ लाख, विशेष २ करोड र समपूरक अनुदान ४९ लाख रुपैयाँ पाएको छ भने बकैयाले समानीकरण १२ करोड ९५ लाख, सशर्त ३६ करोड ६७ लाख, विशेष अनुदान ७५ लाख र समपूरक अनुदान १ करोड पाएको छ । जिल्लाकै सबैभन्दा सानो पालिका ईन्द्रसरोवर गाउँपालिकाले समानीकरण अनुदान ७ करोड ११ लाख सशर्त अनुदान १२ करोड ८१ लाख विशेष ६८ लाख र समपूरक अनुदान ७६ लाख गरी कुल २१ करोड ३६ लाख रुपैयाँ पाएको छ । ईन्द्रसरोवर जिल्लामै सबैभन्दा कम बजेट पाउने पालिका हो । कैलाश गाउँपालिकाले समानीकरण अनुदान ९ करोड ८३ लाख, सशर्त अनुदान १९ करोड ३४ लाख, विशेष अनुदान ७५ लाख र समपूरक अनुदान २ करोड ५८ लाख रुपैयाँ गरी कुल ३२ करोड ५० लाख रुपैयाँ पाएको छ । बागमती गाउँपालिकाको लागि समानीकरण अनुदान ११ करोड ७० लाख, सशर्त अनुदान २९ करोड ६१ लाख, विशेष अनुदान ३ करोड ८५ लाख र समपूरक अनुदान ९० लाख रुपैयाँ गरी कुल ४६ करोड ६ लाख विनियोजन भएको छ । भीमफेदी गाउँपालिकाको लागि समानीकरण अनुदान १० करोड ५२ लाख, सशर्त अनुदान ३० करोड १४ लाख, विशेष अनुदान ५५ लाख र समपूरक अनुदान ३ करोड ४१ लाख गरी कुल ४४ करोड ६२ लाख रुपैयाँ विनियोजन भएको छ ।

मकवानपुरगढी गाउँपालिकाको लागि समानीकरण अनुदान १० करोड ७ लाख, सशर्त २९ करोड ४ लाख, विशेष अनुदान २ करोड र समपूरक अनुदान १ करोड ५० लाख रुपैयाँ गरी ४२ करोड ६१ लाख रुपैयाँ विनियोजन भएको छ । मनहरी गाउँपालिकाको लागि समानीकरण अनुदान १२ करोड ५३ लाख, सशर्त अनुदान २२ करोड ४४ लाख, विशेष अनुदान ९० लाख र समपूरक अनुदान ५२ लाख करी कुल ३६ करोड ३९ लाख रुपैयाँ विनियोजन गरेको छ । राक्सिराङ गाउँपालिकालाई समानीकरण अनुदानतर्फ १० करोड २५ लाख, सशर्त अनुदान २० करोड ६१ लाख, विशेष १ करोड ७५ लाख र समपूरक अनुदान ६८ लाख रुपैयाँ गरी कुल ३३ करोड २९ लाख रुपैयाँ बजेट विनियोजन भएको छ । मकवानपुरका लागि कुल समानीकरण १ अर्ब २७ करोड ११ लाख, सशर्त अनुदान ३ अर्ब १५ करोड ८२ लाख, विशेष अनुदान १४ करोड ७३ लाख र समपूरक अनुदान १६ करोड ५९ लाख वित्तीय हस्तान्तरणमार्फत बजेट प्राप्त हुने भएको छ । जनताको आकांक्षा उच्च बन्दै जाने र पूँजीगत खर्च न्यून बन्दै गएका कारण पनि तीनै तहका सरकार समस्यामा पर्दै गएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २४ गते शनिबार ७ जुन २०२५ । एकादशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५६ । स्मार्तको निर्जला एकादशी व्रत । तुलसीको बीज रोप्न ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# संघीयतामा सडक निर्माणका विसंगति

राष्ट्रिय योजना आयोगको अध्ययन अनुसार देशभरका कुल सडक खण्डको ३५ प्रतिशतसम्म कुनै न कुनै प्रकारको दोहोरोपना रहेको छ । एउटै सडक खण्डमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तिनैले आ-आफ्ना तर्फबाट लगानी गरिरहेका छन् ।



✍ रूपक रावल "जिज्ञासु"

भौगोलिक विविधता, जटिलता र सीमित संसाधनको भएको नेपालजस्तो देशमा सडक सञ्जाल आर्थिक-सामाजिक रूपान्तरणको प्रमुख आधारशिला हो । हामीकहाँ विभिन्न कारण अन्य यातायात पूर्वाधार माध्यमको सीमितता छ । त्यसैले सडक पूर्वाधार विकास सर्वोत्तम र अपरिहार्य विकास रणनीति हो ।

संघीयता कार्यान्वयनपश्चात् हाम्रो सडक पूर्वाधार क्षेत्रमा तिनै तहका सरकारको भूमिका र जिम्मेवारी बाँडफाँडमा उल्लेखनीय विसंगति देखापरेका छन् । संघीय नेपालको संरचनामा तीन तहका सरकारले आ-आफ्ना क्षेत्रमा सडक पूर्वाधारका योजना सञ्चालन गर्न सक्ने व्यवस्था छ, तर यी तिनै तहबिच समन्वयको अभावमा मनपरी संगठन संरचना, कानुनी र नीतिगत अस्पष्टता, पूर्ण राजनीतिक योजना र कार्यान्वयनमा द्विविधा तथा अन्तर्सरकारी सहकार्यको अभावले सडक पूर्वाधार क्षेत्रमा दोहोरोपना मात्र नभई तेहेरोपनाको स्थिति सिर्जना गरेको छ ।

### संरचनागत धाधली

संघीयताअघि सडक निर्माण तथा व्यवस्थापनमा सीमित निकायहरू मात्र थिए । सडक विभाग (डीओआर) ले राष्ट्रिय राजमार्ग र रणनीतिक सडक सञ्जालको जिम्मेवारी वहन गरेको थियो भने स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ले ग्रामीण र कृषि सडकहरूको निर्माण तथा व्यवस्थापन गर्थ्यो । त्यसैगरी सहरी विकास तथा भवन निर्माण विभाग (डीयुडीबीसी) ले सहरी सडकहरूको निर्माण र व्यवस्थापन गर्दथ्यो । यीबाहेक अन्य निकायको भूमिका नगन्य थियो, तर संघीय संरचनामा प्रवेश गरेको सात वर्षको अवधिमा सडक निर्माणमा डरलाग्दो बेथिति मौलायो । संघीय निकायहरूले आफ्नै अनुकूलतामा संगठन तथा व्यवस्थापन ( ओ एन्ड एम) सर्वेक्षण गरी संरचना परिवर्तन गर्नुका साथै धमाधम नयाँ संरचना स्थापना गरे । कतिपय प्रदेशले सरकार परिवर्तनपिच्छे नै संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संरचना परिवर्तन गरिरहे, यो क्रम जारी छ ।

मन्त्रालय र कार्यालयहरू टुक्राउने वा खारेज गर्ने, एकीकृत वा पुन:स्थापना गर्नेह कर्मचारी दरबन्दी थपघट गर्नेह सेवा समूह र उपसमूह खारेज गर्ने र ब्युँताउनेह आफू अनुकूल अस्थायी नीतिगत निर्णय गर्ने आदि प्रदेशका नियमित कार्य हुन् भन्दा कुनै फरक पर्दैन । स्थानीय तहका आ-आफ्ना तौरतरिका झन् फरक हुने नै भए । यी सबै राजनीतिक भागबन्डाका उपज हुन् । यसरी सडक पूर्वाधार क्षेत्रमा संघीयताको कार्यान्वयन विसंगतिको घेराभित्र छ ।

'सडक विभाग' रणनीतिक सडक सञ्जाल तथा राष्ट्रिय राजमार्गहरूको पहरेदार हो । उसले संघीयतालाई म पनि सघाउँछु भन्यो । प्रत्येक प्रदेशमा दुईवटाका दरले १४ वटा सडक डिभिजन प्रदेशमा हस्तान्तरण गर्‍यो । संरचनाहरू प्रदेशमा आए तर कर्मचारी संघमै अटाए । संगठन आए तर व्यवस्थापक शून्य । यत्तिकैमा सडक विभागले तत्कालै कार्यक्षेत्र थप र 'ओ एन्ड एम' गर्‍यो । राष्ट्रिय राजमार्गको संख्या २१ बाट ८० भए । दर्जनौं नयाँ आयोजना विस्तार भए । प्रदेशमा हस्तान्तरण गरिएका सडक डिभिजनहरूको स्थानमै नयाँ संघीय सडक डिभिजनहरू स्थापना भए । व्यापक क्षेत्र विस्तार हुँदा कर्मचारी दरबन्दी पनि उही अनुपातमा वृद्धि हुने नै भए । नयाँ आशा र अवसर सिर्जना हुनु नि:सन्देह सकारात्मक पक्ष हो, संस्था वा राज्यको साधन स्रोत भने अपरिवर्तित छ । विद्यमान राजमार्गहरूको दुर्दशा र अवस्था उही छ । नवघोषित राजमार्गहरूको अवस्था झन् के कुरा गरौं ! विभाग भने कार्यक्षेत्रभन्दा बढी साना टुक्रे योजनातिर रुमलिरहेको देखिन्छ । यो रुमल्याइएको हो, यसो गर्नु हुन्थेन, उसलाई आफ्नो कार्यक्षेत्र भित्र जिम्मेवार बनाउनुपर्थ्यो ।

स्थानीय पूर्वाधार विकास विभाग (पहिला 'डोलिडार' हाल 'डोलिड') को अवस्था भने भिन्न रह्यो । सबै संरचना प्रदेश अन्तर्गत रहने गरी देशभरि ३५ वटा पूर्वाधार विकास कार्यालय स्थापना भए । डोलिडार लगभग विलुप्त हुने अवस्थामा पुग्यो, तर कर्मचारीको संघमै प्रचुर दरबन्दी भएकाले स्वेच्छाले प्रदेशमा जानेबाहेक अधिकांश कर्मचारी संघमै समायोजन भए, अटे । राष्ट्रका उत्कृष्ट र विकासका संवाहक इन्जिनियरहरू प्राय: अप्रयुक्त हुने अवस्था सिर्जना भयो । डोलिडलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतबाट कुन मन्त्रालयमा राख्ने भन्ने जटिल विषय बन्यो । विभिन्न मन्त्रालयबिच शक्ति संघर्षपछि हाल यो सहरी विकास मन्त्रालय अन्तर्गत छ ।

हाल सहरी विकास मन्त्रालय अन्तर्गत दुईवटा विभाग छन्, डोलिड र डीयुडीबीसी । डोलिडको हाल सातवटा प्रदेशमा प्रदेश स्तरीय 'स्थानीय पूर्वाधार विकास आयोजना' कार्यालयहरू स्थापना भई प्रमुख रूपमा सडक निर्माण कार्यहरूसँगै अन्य भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गरिरहेका छन्, कार्य क्षेत्र प्रदेशभरि छ । यसले कुन वर्गको सडक निर्माण व्यवस्थापन गर्ने हो ? पूर्ण अन्योलता र अन्धाधुन्ध छ । त्यहाँ कार्यरत एक कर्मचारीका अनुसार सडक निर्माणका अलावा विमानस्थल निर्माणदेखि पानीघट्टसम्म र बंगुर खोरदेखि पाखापालन अनुदानसम्मका कार्यक्रम सञ्चालित छन्, जुन सुन्दा आश्चर्य लाग्छ । यस्ता प्रकृतिका योजनाबाट पनि राज्यले प्रतिफलको आशा गरिरहेकै ठान्नुपर्‍यो । यसरी राज्यमा स्यागत अविराम थपिँदै जाने क्रम जारी नै छ ।

यस्तै, 'डीयुडीबीसी' संघमा कायम रहे पनि यस अन्तर्गतका साबिकका 'सहरी विकास तथा भवन कार्यालय'हरू सबै प्रदेश अन्तर्गत भवन निर्माण कार्यालयको रूपमा हस्तान्तरित भए, तर यहाँ पनि अवस्था उस्तै रह्योह संरचनाहरू प्रदेशमा आए तर केही अपवादबाहेक न कर्मचारीहरू आए न त कार्य क्षेत्र नै सुनिश्चित भयो । वितरणमुखी 'जनता आवास कार्यक्रम'को हस्तान्तरणबाहेक अरु शून्य । अनि लगत्तै सोही स्थानमा तुरुन्त नयाँ संघीय आयोजना कार्यालय स्थापना भए । सघन सहरी आयोजना वा सहरी विकास आयोजना जस्ता नाममा । यी आयोजना कार्यालयले पनि भवन निर्माणसँगै मुख्यत: सडक निर्माणकै कार्य नै गर्ने हुन् । जस्तोसुकै स्थानीय पालिका केन्द्र जोड्ने सडक ग्रामीण सडक अब सहरी सडकमा परिभाषित भएका छन् । यसरी संघीय समानान्तर निकाय अस्तित्वमा आए र प्रदेशका भवन निर्माण कार्यालय निष्क्रिय हुँदै कतिपय खारेज त कतिपय मर्ज भए ।

सात प्रदेशमा भौतिक पूर्वाधारको मन्त्रालय अन्तर्गत पूर्वाधार विकास कार्यालयहरू स्थापना भए । यसै मन्त्रालय अन्तर्गत अन्य समूह र उपसमूह सञ्चालन थिए, केही समय भए तर केही समय नबित्दै विनावित्तीय विश्लेषण र स्रोत आकलनविना तहसनहस भए । मन्त्रालय टुक्रिए, कार्यालय टुक्रिए, नाम परिवर्तन भए र यो प्रवृत्ति निरन्तर चलिरहेकै छ । राजनीतिक भागबन्डा मिलाउने, मन्त्री थमाउने, राज्यमन्त्री बनाउने र थन्काउने सबैभन्दा उत्तम भौतिक मन्त्रालय नै भयो । यति मात्र होइन प्रदेशमा एक्जिस्ट सबै मन्त्रालयले भौतिक निर्माणका काम सुरुमा अत्याधिक, हाल पनि गरिरहेकै छन् । हाल सुदूरपश्चिम प्रदेशबाहेक सबै प्रदेशमा भौतिकलाई टुक्राइएका छन् । बागमती र लुम्बिनीमा तीनवटा र अन्य चार प्रदेशमा दुई-दुईवटा गरी १५ वटा अर्थात् दोब्बरभन्दा बढी मन्त्रालय हाल खडा छन् । सडक निर्माण सम्बद्ध भौतिक मन्त्रालय अन्तर्गत सुरुमा सातवटा प्रदेशमा जिल्ला संख्याका आधारमा ३५ वटा पूर्वाधार विकास कार्यालयको स्थापना भए । जसमध्ये कोशी प्रदेशमा सुरुका सातवटा, हालसम्म सोही स्थितिमा रहेका भए पनि नयाँ 'ओ एन्ड एम' भइसकेको र आगामी आवदेखि १४ वटा कार्यालय हुने निश्चित भएको पाइयो ।

मधेस प्रदेशमा सुरुका चारबाट आठवटा कार्यालय, बागमतीमा ६ बाट ११, गण्डकीमा पाँचबाट ११, लुम्बिनीमा पाँचबाट १२, कर्णालीमा चारबाट १० र सुदूरपश्चिममा चारबाट ६ वटा गरी जम्मा ७२ वटा अर्थात् दोब्बरभन्दा बढी पूर्वाधार कार्यालय स्थापना भएका छन्, निश्चित छन् । यसो हुनुमा राजनीतिक स्वार्थ छँदै छ, त्यसमाथि सीमित कर्मचारीको बढुवाका लागि दरबन्दी थप गर्ने कुप्रथा सुरु भइसकेको छ । अब यी कार्यालय संख्या यही परिपाटीमा घट्ने वा हट्ने होइन बढ्ने सम्भावना भने निश्चित हुन्छ । बढाउनुपर्ने प्राविधिक कर्मचारी संख्या भने खासै बढेको देखिँदैन तर नयाँ कार्यालय खोलिनेबित्तिकै अन्य कर्मचारीको आवश्यकता र प्रशासनिक खर्चको थप व्ययभार सहजै अनुमान गर्न सकिन्छ । थप चालु वित्तीय दायित्वको भार र भारी अन्ततोगत्वा संघीय कोषमै रहने नै हो । किनकि प्रदेशका आफ्ना कुनै खास आन्तरिक स्रोत शून्यजस्तै हो । अहिले देखिने विभिन्न शीर्षकका आय तथा राजस्व पहिला पनि कुनै न कुनै संयन्त्रमार्फत उठेकै थिए, हिसाब बराबर छ ।

यस्तै प्रदेश सडक कार्यालयमा संघीय सडक डिभिजनबाट प्रदेशभरिका अधुरा र रुग्ण योजना हस्तान्तरण भए । यी कार्यालयमा करारका कर्मचारी नियुक्त भए तर संघका कर्मचारी थप जिम्मेवारीमा कायम रहे । संघका कर्मचारीहरू असहज हुनेबित्तिकै उम्किन खोज्नु अस्वाभाविक भएन, अनि प्रदेशमा नेतृत्व रिक्तताको समस्या । केही प्रदेशले तत्काल यी कार्यालय खारेज गरी पूर्वाधार विकास कार्यालयमा एकीकृत गरे भने केही प्रदेशमा ५-६ वर्षसम्म प्यारालाइजमै रहे । अन्तत: प्रदेश सडक कार्यालय खारेज गर्नुबाहेक विकल्प थिएन, खारेज भए ।

स्थानीय तहहरूले आफ्नो पुँजीगत बजेटको लगभग ६० देखि ७० प्रतिशत रकम सडक निर्माण आयोजनाहरूमा विनियोजन गर्ने गरेको पाइन्छ । यसले आफ्नो पालिकाभित्रका गाउँटोलमा सडक पुर्‍याएका छन् वा पुर्‍याउने प्रयास त गरेका छन् तर त्यी कस्ता सडक ? यस कारण सडक निर्माण सम्बद्ध संघीय निकायहरू, प्रदेश निकाय र स्थानीय तहहरूले सडक निर्माणमा दोहोरोपना मात्र होइन तेहेरोपनाको जोखिम बोकिरहेकै छन्, मूल्य चुकाइरहेकै छन् ।

### द्वन्द्व र दिशाहीनता

संघीयतापश्चात् सडक निर्माणमा बहुआयामिक चुनौतीका चाङ थपिए । अहिले सडक निर्माण प्रणाली 'एकै ठाउँमा तीन ठेक्दार'जस्तै भएको छ । संघले आफ्नो, प्रदेशले आफ्नो, स्थानीयले आफ्नो तर अन्त्यमा जनताले 'खाइरहेको धुलोको स्वाद' चाहिँ एउटै । संविधानले दिएको अधिकारको 'भ्रमको जाल', कर्मचारी हस्तान्तरणको 'रस्साकस्सी', नेतृत्वको 'नकाब' र नीतिगत अन्योलताले सडकलाई 'राजनीतिको रन-वे' बनाइरहेको छ । संवैधानिक अधिकार हस्तान्तरण औपचारिकतामा सीमित छ । वित्तीय विकेन्द्रीकरणको अभावमा संघीय सरकारको आर्थिक एकाधिपत्य कायमै छ भने अपूर्ण कानुनी संरचनाले प्रदेश र स्थानीय तहहरू अन्योलताको चंगुलमा छन् । कर्मचारी समायोजनको अदूरदर्शी व्यवस्थापनले कतिपय प्रदेश र स्थानीय तहहरूमा जनशक्ति न्यूनतादेखि शून्यता र संघमा अनावश्यक चाप सिर्जना गरेको थियो । अहिले केही राहत भएको पाइन्छ । राष्ट्रिय सडक मापदण्डको अभाव छ । संघकेन्द्रित जनशक्ति र बजेटले स्थानीय र प्रादेशिक सडकहरूको गुणस्तर र दीर्घकालिकतामा प्रतिकूल प्रभाव पारेको छ । पर्यावरणीय उपेक्षाले प्राकृतिक जोखिम बढाएको छ । संस्थागत क्षमता र सुशासनको अभावले सडक निर्माणमा पारदर्शिता र जवाफदेहिता क्षीण बनेको छ । विभिन्न निकायले आफ्नै शैलीमा सडक निर्माण र व्यवस्थापन गर्दा दोहोरोपना, अपव्यय, भिन्न मापदण्ड र गुणस्तरीयताका कैयौं प्रश्न खडा भएका छन् । समग्रमा भन्दा हाल सडक पूर्वाधार तहगत, संरचनागत द्वन्द्व र दिशाहीनतामा रुमलिरहेको छ ।

### असर तथा प्रभावका समुच्चय

संघीयतापश्चात् संरचनागत दोहोरोपना प्रमुख घातक बन्यो । संरचनाका बेमौसमी च्याउहरू यसरी उम्रिए कि भनिसाध्य छैन । राष्ट्रिय योजना आयोगको अध्ययन अनुसार देशभरका कुल सडक खण्डको ३५ प्रतिशतसम्म कुनै न कुनै प्रकारको दोहोरोपना रहेको छ । यसको अर्थ एउटै सडक खण्डमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तिनैले आ-आफ्ना तर्फबाट लगानी गरिरहेका छन् । केही क्षेत्रगत असर तथा प्रभावहरू हेरौं ।

### वित्तीय प्रभाव

कार्य क्षेत्रगत अस्पष्टताका कारण एउटै सडकमा तीनवटै तहबाट बजेट विनियोजन हुँदा राज्यको वित्तीय भार अनावश्यक रूपमा बढेको छ, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको तथ्याङ्कको विश्लेषणले यही देखाएको छ । तथ्याङ्कले दोहोरोपनाका कारण अनुमानित नोक्सान १०५.६ अर्ब रुपैयाँ रहेको देखाउँछ । नेपालको सडक क्षेत्रमा कुल बजेटको लगभग २५ प्रतिशत रकम दोहोरोपनाका कारण अपव्यय भएको छ, जुन वार्षिक ४० अर्ब रुपैयाँ बराबर हुन आउँछ । यो रकमले थप १५०० देखि २,००० किलोमिटर सडक कालोपत्रे गर्न सकिने थियो । सडक निर्माणको कुल बजेटमा पुँजीगत हिस्सा ७० प्रतिशतबाट घटेर ५८ प्रतिशतमा झरेको छ, जसले वास्तविक निर्माणभन्दा प्रशासनिक खर्च बढेको देखाउँछ । औसत आयोजना आकार २.५ करोडबाट घटेर ०.८ करोड भएको छ, जसले आयोजना विखण्डन बढेको संकेत गर्दछ ।

### प्रशासनिक र संस्थागत प्रभाव

तीनै तहका सरकारबिच कार्यविभाजन स्पष्ट नहुँदा जिम्मेवारीमा अस्पष्टता छ । प्रदेश र स्थानीय तहमा प्राविधिक कर्मचारीको संख्या अपर्याप्त रहेको छ भने संघीय निकायमा अस्वाभाविक रूपमा बढी दरबन्दी राखिएको छ । राजनीतिक हस्तक्षेपका कारण प्रदेश सरकारहरूले बारम्बार संगठन परिवर्तन गर्दा कर्मचारी प्रशासन अस्थिर भएको छ । राष्ट्रिय विकास समस्या समाधान समितिको प्रतिवेदन अनुसार प्रतिआयोजना औसत १.८ वटा निकायबाट अनुगमन हुने गरेको छ, जसले प्रशासनिक खर्च र जटिलता दुवै बढाएको छ । कार्यान्वयन खर्चको लगभग २५ प्रतिशत समन्वय र प्रशासनिक कार्यमै खर्च हुने गरेको अध्ययनहरूले देखाउँछन् । यो प्रतिशत समग्र पुँजीगतमा प्रशासन खर्चको अनुमानित अनुपात हो ।

### प्राविधिक प्रभाव

तिनै तहका सरकारी निकायले योजनाको प्रकृति अनुसार आवश्यक इन्जिनियरिङ अध्ययन र विस्तृत सम्भाव्यता अध्ययन नगरीकनै सडक निर्माण गरिरहेका छन् । विश्व बैंकको प्रतिवेदन अनुसार स्थानीय तहका लगभग ६५ प्रतिशत सडकमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) नै तयार नगरी निर्माण गरिएका छन् भने ७५ प्रतिशत स्थानीय सडक निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको देखिँदैन ।

यो प्रवृत्ति प्रदेश र संघले कार्यान्वयन गरेका साना र टुक्रे सडक योजनाको अवस्थामा पनि फरक देखिँदैन । सडक विभाग र यातायात व्यवस्था विभागको अध्ययन अनुसार विभागले नै निर्माण गरेका ३५ प्रतिशत सडकमा सडक सुरक्षा मापदण्ड नै नपुगेको स्थिति छ । एकै सडक शृंखलामा फरक निकायको फरक-फरक मापदण्ड र निर्माण गुणस्तर हुनाले यातायात सुरक्षामा नकारात्मक असर परेको छ । फरक-फरक निकायद्वारा निर्मित फरक मापदण्डका सडक खण्डहरूमा दुर्घटनाको जोखिम २० प्रतिशतले बढी हुने गरेको विभिन्न अध्ययन प्रतिवेदनमा उल्लेख भएको पाइन्छ ।

### कानुनी र नीतिगत प्रभाव

हालसम्म सँघीय सडक ऐन, पूर्वाधार नीति तथा सडक वर्गीकरण नीतिजस्ता अत्यावश्यक नीतिहरू निर्माण हुन सकेका छैनन् । यद्यपि केही प्रदेशले भने प्रदेश सडक ऐन तर्जुमा गरेका छन् त केही तर्जुमाको अन्तिम चरणमा छन् तर आ-आफ्नै ढङ्गमा, शैलीमा । त्यसैगरी सँघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जानकारी अनुसार ७५३ स्थानीय तहमध्ये २७५ ले आफ्नो सडक नियमावली तथा कार्यविधि तयार गरेका छन्, तर संघीय 'राष्ट्रिय सडक ऐन' नबन्दासम्म यी ऐन दिशाहीनतामै हुनेछन् । जब संघीय ऐन बन्नेछ, अनि मात्र प्रदेश ऐनहरू निर्देशित हुनेछन् ।

### परियोजना व्यवस्थापनमा प्रभाव

राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार सडक परियोजनाहरूको औसत निर्माण समय तीन वर्षबाट बढेर ५.२ वर्ष पुगेको छ । अधुरा आयोजनाको संख्या बढेर कुल सडक आयोजनाको ३५ प्रतिशत पुगेको छ । अधुरा आयोजनाहरूमध्ये केहीमा दोहोरोपना र अधिकार क्षेत्रको विवादका कारण कार्यान्वयनमा ढिलाइ भएको पाइएको छ । विश्व बैंकको प्रतिवेदन अनुसार, सडक निर्माणमा दोहोरोपनाका कारण परियोजना व्यवस्थापन प्रभावकारिता ३५ प्रतिशतले कम भएको छ । सडक क्षेत्रमा लगानीको प्रतिफल अनुपात (आरओआई) १.८ बाट घटेर लगभग १.३ भन्दा तल झरेको छ, जसले सडक निर्माणमा गरिएको लगानीबाट प्राप्त हुने आर्थिक लाभ घट्दै गएको देखाउँछ ।

### मर्मत सम्भारमा समस्या

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रतिवेदन अनुसार करिब ३० प्रतिशत सडक खण्डहरूमा मर्मत-सम्भार जिम्मेवारी अस्पष्ट रहेको छ, जसका कारण ती सडकहरूको मर्मत सम्भार नियमित हुन सकेको छैन । स्थानीय तहका सडकहरूको मर्मत-सम्भारमा औसत वार्षिक बजेट कुल सडक लागतको ३.५ प्रतिशत मात्र विनियोजन गरिएको छ, जबकि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार कम्तीमा सात प्रतिशत हुनुपर्ने हुन्छ । सडक निर्माणमा 'तँछाड, म नछाड'को स्थिति भए पनि सडक मर्मत सम्भारमा भने 'तँछाड, मछाड' भन्ने भाष्य सिर्जना भएको छ । यस्ता जवाफ प्रशस्त सुन्न पाइन्छ, हामीले दिनुपरेको छ ।

### सडक सुरक्षा प्रभाव

नेपालमा सडक सुरक्षा एउटा ठूलो चुनौतीका रूपमा रहँदै आएको छ । विश्व स्वास्थ्य संगठनको पछिल्लो प्रतिवेदन अनुसार नेपालमा प्रतिएक लाख जनसंख्यामा २८.२ जनाको मृत्यु सडक दुर्घटनाको कारण हुने गरेको छ । यो नेपालमा हुने मृत्युको झन्डै एक प्रतिशत हुन आउँछ । सडक वर्गीकरणको अभावमा उचित डिजाइन नहुँदा वार्षिक करिब २० प्रतिशत दुर्घटना बढेको तथ्याङ्क छ । यसको एक प्रमुख कारण नेपालको राष्ट्रिय सडक सुरक्षा रणनीति नहुनु तथा फरक निकायगत फरक मापदण्ड र मर्मत सम्भार जिम्मेवारी नलिनु हो ।

### सुझाव

संघीय सदनको बर्खे (बजेट) अधिवेशन सुरु भइसकेको मात्र नभई राष्ट्रपतिबाट सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत समेत भइसकेको छ । आगामी आवका लागि संघीय बजेट, सातवटै प्रदेशका बजेट र ७५३ वटा पालिकाका गाउँ/नगरसभाहरूबाट सडक क्षेत्रमा आशालाग्दा परिवर्तन गर्न सकिन्छ, तर यसका लागि राजनीतिक इच्छाशक्ति नै सर्वशक्ति हो, अनि मूल नेतृत्वको चाहना सर्वोपरि ।

आधा शताब्दी पहिला पञ्चायत कालमा बनेको 'सार्वजनिक सडक ऐन २०३१' अहिले हामीसँग भएको सडकसम्बन्धी कानुन हो । यो बिचमा व्यवस्था परिवर्तन भए पनि एउटा महत्त्वपूर्ण ऐन बन्न सकेन । तिनै तहका सरकारहरूबिच कार्यक्षेत्र, अधिकार र जिम्मेवारीको स्पष्ट बाँडफाँट गर्न यस 'राष्ट्रिय सडक ऐन'मा सुधार गर्न अत्यावश्यक छ । यसको मस्यौदा तयार नै छ । विज्ञलाई छलफलमा बोलाउँदा समय लाग्ने होइन । यी सबै फास्ट ट्र्याकमा गर्न सकिने कुरा छन् । किनकि यसमा खास इन्ट्रेस्ट नबाझिएका भन्ने आकलन हो ।

यो ऐनले सडकहरूको वर्गीकरण, प्राविधिक मापदण्ड, अधिकार क्षेत्र, वित्तीय व्यवस्थापन, अन्तर्सरकारी समन्वय र संस्थागत व्यवस्था सम्बन्धी स्पष्ट प्रावधान समेट्नुपर्छ । संस्थागत पुनर्संरचना अन्तर्गत सबैभन्दा पहिला अनावश्यक र समानान्तर संरचनाहरू खारेज गरिनुपर्छ । तिनै तह सरकारको सहभागितामा एकीकृत सडक योजना तर्जुमा गर्ने प्रणालीको स्थापना गरिनुपर्छ । वित्तीय व्यवस्थापनको सुदृढीकरण गर्न तिनै तहका सडक निर्माणका लागि स्रोत बाँडफाँटको स्पष्ट व्यवस्था हुनुपर्छ । ससर्त अनुदानलाई न्यूनीकरण वित्तीय समानीकरण बढाइनुपर्छ । अनि आगामी आव बजेट र कार्यक्रम निर्माण गरिनुपर्छ । सोही अनुसार निर्देशित हुन्छन् । यो गर्न समय लाग्दैन तर इच्छा शक्तिमा समय लाग्यो भने मात्र हो । नेपालको संघीय संरचनामा सडक पूर्वाधार विकासका विसंगति र चुनौतीको समाधान गर्न राजनीतिक इच्छाशक्ति र संघीय सहकार्य अपरिहार्य छ । 'राष्ट्रिय सडक ऐन' तत्काल तर्जुमा गरी संरचनागत दोहोरोपन हटाइनुपर्छ । तिनै तहबिच प्रभावकारी समन्वय, पर्याप्त स्रोत-साधनको वितरण र एकीकृत मापदण्डको विकास गरेमा मात्र सुशासन, पारदर्शिता र जवाफदेहिता स्थापित हुन सक्छ ।

(साभार: रातोपाटी)

# नेपाली क्रिकेटका ‘आइस म्यान’ आरिफ




काठमाडौं/आरिफ शेख नेपाली क्रिकेट टोलीमा मिडल अर्डर अर्थात् मध्यक्रममा खेल्ने ब्याटर हुन् । नेपालका लागि एकदिवसीय खेलमा राम्रो प्रदर्शन गर्दै आएका आरिफले क्रिजमा टिकेर खेल्दै जुनसुकै परिस्थितिमा पनि संयमित ब्याटिङ गर्न सक्छन् । बुधबार भएको नेदरल्याण्ड्ससँगको खेलमा पनि उनले एकदिवसीय ब्याटरले खेल्नुपर्ने शैलीमा खेल्दै फेरि एकपटक मध्यक्रममा आफू भरपर्दा ब्याटर भएको प्रमाणित गरेका छन् । उनको करियरकै उत्कृष्ट ब्याटिङ प्रदर्शन गर्दै ७८ रन बनाए जसको मद्दतमा नेपालले नेदरल्याण्ड्सलाई हराएर जारी लिग २ क्रिकेटको शृंखलामा लगातार दोस्रो जित निकालेको छ । सुरुमा केही स्लो रनगतिमा खेलेपनि एक समयदेखि आरिफले रनगति बढाउन थालेका थिए । आवश्यकता अनुसार दुई महत्वपूर्ण साझेदारी गरेका आरिफले नेपालको जितको आधार नै तय गरे ।

**प्रोपर एकदिवसीय ब्याटर**

आरिफ शेख पहिल्यैदेखि नेपाली टोलीको मिडल अर्डरमा खेल्दै आएका छन् । केही खेलहरूबाहेक उनले पाँचौं नम्बरमा नै ब्याटिङ गरिरहेका हुन्छन् । केही खेलमा आवश्यकता अनुसार तलमाथि पनि ब्याटिङ गर्छन् । उनको खेल्ने शैली अरुभन्दा अलि फरक छ । उनले सुरुमा आउनेबित्तिकै रनका लागि खेल्दैनन् । क्रिजमा धेरै समय टिक्न खोज्छन् र निश्चित समयपछि मात्र अट्याकिङ शट खेल्छन् । क्रिजमा प्रवेश गरेको केही समयसम्म उनी डट बल वा सिंगल-डबलमै सन्तुष्ट हुन्छन् । जब उनले ठुलो शट खेल्नुपर्छ भनेर सोच्छन्, त्यसबेलासम्म सेट भइसकेका हुन्छन् र जुनसुकै बलरलाई पनि ठुलो शट प्रहार गर्न सक्छन् । बुधबारको खेलपछि उनले आफुले केहीबेर क्रिजमा टिकेको अवस्थामा जुनसुकै अवस्थाबाट पनि खेल जिताउन सक्ने कुरा उल्लेख गरेका थिए ।

‘मलाई के विश्वास छ भने मैले ३० देखि ४० बल क्रिजमा टिक्न सकें भने हरेक गेम जुनसुकै अवस्थाबाट फिनिस गर्न सक्छु जस्तो लाग्छ’ उनले भने, ‘सुरुमा केही च्यालेन्जिङ थियो तर जब मैले ३०-४० बल खेलें, जिताउन सक्छु भन्ने भयो।’ उनले बुधबार ९९ बलमा ७८ रन बनाए । सुरुवाती ५० बलमा २५ रन मात्र बनाएका आरिफले त्यसपछिका ४९ बलमा ५३ रन बनाए । सुरुवाती समयमा स्ट्राइक रोटेट र डिफेन्समै फोकस गरेका उनले जब सेट भए तब नेपाललाई खेल नै जिताएर गए । यही कारणहरूले उनलाई एक प्रोपर एकदिवसीय ब्याटरका रूपमा हेर्न सकिन्छ । एकदिवसीय खेलमा ब्याटरले केही कम स्ट्राइक रेटमा सुरुवाती गरेपनि एउटा निश्चित बिन्दुमा पुगेपछि स्कोरिङ रेट बढाउँदै लाने गर्नुपर्छ, जुन कुरा आरिफले बुधबार गरेर देखाए ।

**नेपाली टोलीका “आइस म्यान”**

नेपालका लागि मध्यक्रममा खेल्ने आरिफले क्रिजमा टिकेर टिमको स्कोरिङ रेट मेनटेन गर्न मद्दत गरिरहेका हुन्छन् । घरेलु क्रिकेटमा पनि उनले यो काम गर्दै आएका हुन्छन् ।नेपाली टोलीका लागि उनले बुधबार मात्र नभएर यसअघि पनि विभिन्न खेलमा राम्रो इनिङ खेल्दै आएका छन् । शान्त स्वभावका आरिफको ब्याटिङ पनि शान्त किसिमको हुन्छ ।

उनी त्यस्तो धेरै उत्साहित पनि भइहाल्दैनन्, संयमित भएर खेल्ने गर्छन् । त्यसकारण उनी ‘आइस म्यान’ नामले पनि परिचित छन् । जब जब नेपाललाई मध्यक्रममा आवश्यकता पर्छ, तब उनले परिस्थिति अनुसार आफ्नो खेल कौशल प्रदर्शन गर्छन् । नेपाल केही दबाबमा छ भने टिक्ने कुरामा प्राथमिकता दिन्छन्, राम्रो अवस्थामा छ भने पनि हतास नगरिकन स्ट्राइक रोटेसनमै ध्यान दिन्छन् । सन् २०२२ मा दुबईमा भएको लिग २ क्रिकेटअन्तर्गत पिएनजीसँगको खेलमा १७४ रनको लक्ष्य पछ्याउँदा १० रनमै पहिलो विकेट गुमेपछि क्रिजमा आएका आरिफले कुशल भुर्तेलसँग मिलेर ८७ रनको साझेदारी गरे भने त्यसपछि क्रिजमा आएका दिपेन्द्रसिंह ऐरी शून्यमै आउट भएपछि कप्तान रोहित पौडेलसँग मिलेर खेल जिताए ।

सो क्रममा आरिफ १०२ बल खेलेर ५९ रनमा अविजित रहे । उनी धेरैभन्दा धेरै समय क्रिजमा टिक्नेतर्फ ध्यान दिँदै रोहितलाई शट खेल्न साथ दिइरहेका दिए । २०२३ मा कीर्तिपुरमा भएको लिग २ कै चर्चित खेलमा ३११ रनको लक्ष्य पछ्याउँदा नेपाल ९८-४ को अवस्थामा हुँदा आरिफले भीम सार्कीसँग मिलेर शानदार साझेदारी गरेका थिए जहाँ उनले ६२ बलमा २ चौका मात्र प्रहार गर्दै ५२ रन बनाएका थिए । नेपालले उक्त खेल डिएल पद्धतिमा जितेको थियो । २०२४ मा कीर्तिपुरमा भएको क्यानडासँगको खेलमा कुशल भुर्तेलको अर्धशतकपछि अन्यबाट उल्लेख्य योगदान हुन नसक्दा आरिफले ५० बलमा ३८ रनको संयमित पारी खेलेर मध्यक्रम सम्हालेका थिए । नेपालले उक्त खेल ७ रनले जितेको थियो ।

यही लिग २ साइकलअन्तर्गत गत अक्टोबरमा अमेरिकामा भएको शृंखलामा स्कटल्याण्डविरुद्ध १५५ रनको लक्ष्य पछ्याउँदा नेपाल ६३-४ को अवस्थामा हुँदा आरिफले ४२ बलमा ५१ रन बनाएर गुल्शन झासँग साझेदारी गरेपछि नेपालले खेल जितेको थियो । आरिफले शानदार प्रदर्शन गर्दागर्दै नेपाल केही खेलमा पराजित भएको अवस्था पनि छ । सन् २०२२ मै भएको ओमानसँगको खेलमा यस्तै प्रकारको प्रदर्शन गर्दा नेपाल केही रनले मात्र चुकेको थियो । २१२ रनको लक्ष्य पछ्याउँदा ७९-४ को अवस्थामा पुगेपछि क्रिजमा आएका आरिफले ७९ बलमा ६६ रन बनाएर खेल अन्तिमसम्मै पुऱ्याएपनि २ बल बाँकी छँदा नेपाल १९८ रनमा अलआउट भयो । अन्तिम विकेटका रूपमा आरिफ नै आउट भएका थिए ।

२०२२ मै अमेरिकासँगको खेलमा पनि आरिफले सर्वाधिक ६३ रन बनाएपनि नेपाल पराजित भएको थियो भने नामिबियासँगको खेलमा ८४ बल खेलेर ५० रनमा अविजित रहेपनि नेपाल पराजित भयो । आरिफका यी पारीहरूले उनी जस्तोसुकै परिस्थितिमा पनि टिमको आवश्यकता अनुसार संयमित भएर खेल्न सक्षम छन् भन्ने देखाउँछ । यी सबै कुराले उनी साँच्चिकै ‘आइस म्यान’ भएको प्रमाणित गर्छ ।

**आरिफको ओडिआई करियर**

नेपाली टोलीका सिनियर खेलाडीमध्येकै एक रहेका आरिफले पहिलोपटक नेपालका लागि एकदिवसीय खेल २०१५ मा नामिबियाविरुद्ध खेलेका थिए । नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई)कै मान्यता पाएपछि उनी लगातारजसो नेपालको टिममा पर्दै आएका छन् । उनले नेपालका लागि ५९ ओडिआई खेल्दा १२०३ रन बनाएका छन् ।

नेपालका लागि ओडिआईमा सबैभन्दा धेरै रन बनाउने खेलाडीको सूचीमा आरिफ चौथोमा छन् । उनीभन्दा माथि तेस्रोमा कुशल भुर्तेल, दोस्रोमा भाइ आसिफ शेख र पहिलोमा कप्तान रोहित पौडेल छन् । यी चार खेलाडीले मात्र ओडिआईमा १००० रन कटाएका छन् । ओडिआईमा हालसम्म शतक भने प्रहार नगरेका आरिफले अर्धशतक भने ८ वटा प्रहार गरेका छन् । उनले बुधबार मात्रै करियरको उच्च स्कोर (७८ रन) बनाए । यसअघि उनले आयरल्याण्डसँग बनाएको ६६ रन उनको सर्वाधिक स्कोर थियो । मध्यक्रममा ३ देखि ८ सबै पोजिशनमा ब्याटिङ गरेका आरिफ छैटौं नम्बरमा ब्याटिङ गर्दा सबैभन्दा सफल देखिएका छन् । २२ खेलमा छैटौं नम्बरमा खेल्दा उनले ५ अर्धशतकसहित ५५२ रन बनाएका छन् ।

त्यस्तै १५ खेलमा पाँचौं नम्बरमा ब्याटिङ गर्दा २ अर्धशतकसहित ३७१ रन बनाएका छन् । आठौं नम्बरमा ५ पटक ब्याटिङ गर्दा १०२ रन बनाएका छन् । एकपटक मात्र तेस्रो नम्बरमा ब्याटिङ गरेका उनले अविजित अर्धशतकसहित ५९ रन बनाएका छन् भने ४ खेलमा सातौं नम्बरमा ब्याटिङ गर्दा ७८ रन तथा ३ खेलमा चौथो नम्बरमा ब्याटिङ गर्दा ४१ रन बनाएका छन् । यसले पनि उनी टप अर्डरभन्दा मिडल अर्डरमा नै बढी सफल र टोलीका लागि भरपर्दो छन् भन्ने देखाउँछ । उनले पार्ट टाइम मिडियम पेस बलिङ गर्दै ८ विकेट पनि लिएका छन् । *(स्रोत: अनलाइनखबर)*

# ‘पिताम्बर’ले ५१ दिन मनाएपछि घोषणा गरियो दोस्रो श्रृंखला




काठमाडौं/व्यावसायिक रुपमा सफल नभए पनि एक्सनप्रधान फिल्म ‘पिताम्बर’को दोस्रो श्रृंखला निर्माण गरिने भएको छ । बिहीबार फिल्मले प्रदर्शनको ५१ औं दिन मनाएको खुसीयाली साट्न काठमाडौंमा आयोजित एक कार्यक्रममा निर्माताले दोस्रो भागको घोषणा गरेका हुन् । कृषा चौलागाईंको निर्देशनमा बन्न लागेको फिल्मको निर्माण र रिलिज कहिले हुन्छ भन्नेबारेमा भने जानकारी गराइएको छैन ।

बुझिए अनुसार ‘पिताम्बर’को दोस्रो श्रृंखला प्रिक्वेल (पहिलो भाग) हुनेछ । फिल्म रिलिजअघि नै निर्देशक चौलागाईंले यसको प्रिक्वेल निर्माण गरिने र त्यसका लागि एक घण्टाको फुटेज (दृश्य) समेत खिचिसकेको बताएकी थिइन् । उनले संचारकर्मीसँग भनेकी थिइन्, ‘प्रिक्वेलका लागि झन्डै एक घण्टाको फुटेज तयार भइसकेको छ । अब कन्क्लुजनका लागि एक घण्टा जति खिच्न बाँकी छ ।’

गत चैत अन्तिममा प्रदर्शन भएको ‘पिताम्बर’ले काठमाडौंको रञ्जना सिनेप्लेक्स र बिग मुभिजमा ५१ दिन मनाउँदै गर्दा देशव्यापी कमाइ साढे ४ करोड नाघेको छ । यसबाट निर्माताको हातमा २ करोडसम्म पर्न सक्छ । लगानी नै ४ करोडमाथि भएकाले फिल्म घरेलु बजारबाट घाटामा छ । यद्यपि, युट्युब र ओभरसिज राइट्ससहितको रकमबाट फिल्मको लगानी भने उठेको जनाइएको छ ।

बदलाको कथामा आधारित भएर बनेको फिल्ममा सौगात मल्ल, दयाहाङ राई, सुरक्षा पन्त, प्रदीप खड्का, अनुपविक्रम शाही, दिव्य देव, प्रमोद अग्रहरी, सुपुष्पा भट्ट, दिव्या रायमाझी, आर्यन सिग्देल लगायतको अभिनय छ । ‘पिताम्बर २’मा प्रदीप, सौगात र सुरक्षा दोहोरिन सक्ने चर्चा छ । यो फिल्ममा विशाल चौलागाईंको निर्माण र पुरुषोत्तम प्रधानको डीओपी तथा सह-निर्माण रहनेछ ।

# ‘जन्ते बाख्रो’लाई प्रिमियरमा कसले के भने ?




काठमाडौं/यही शुक्रबार (जेठ २३ गते)बाट प्रदर्शनमा आउन लागेको फिल्म ‘जन्ते बाख्रो’ले प्रिमियरमा सुखद् प्रतिक्रिया पाएको छ । बुधबार साँझ सुन्धारास्थित सिभिल मलमा रहेको क्यूएफएक्स हललाई बेहुलीझैं सिंगारेर आयोजना गरिएको प्रिमियरमा उपस्थित पाहुनाले फिल्म मनोरञ्जनको प्याकेज रहेको प्रतिक्रिया दिए । कलाकारहरुको अभिनय, छायांकन र संगीत पक्षको पनि प्राय:ले प्रशंसा गरे ।

प्रिमियरमा फिल्म हेरेपछि अभिनेत्री वर्षा राउतले धेरैपछि र माइलो कथालाई पर्दामा हेर्न पाएकोमा खुसी व्यक्त गरिन् । उनले भनिन्, ‘म धेरैपछि हलभित्र निकै हाँसेकी छु । आसिफ दाई (आसिफ शाह)लाई लामो समयपछि पर्दामा देख्न पाउँदा निकै खुसी लाग्यो । उहाँ यसअघिका फिल्ममा भन्दा निकै भिन्न तरिकाले प्रस्तुत हुनुभएको छ ।’

अभिनेता संजोग कोइरालाले नयाँ पुस्तालाई ‘जन्ते बाख्रो’ले मनोरञ्जनसँगै संस्कृति र परम्पराबारे जानकारी दिने बताए । ‘तपाईंलाई ट्रेलरले आकर्षित गरेको छ भने फिल्म हेर्न आउनुस्, इन्जोय गर्नुहुन्छ । ग्रामीण परिवेश, सामाजिक सद्भाव र परम्पराको सुन्दर चित्रण फिल्ममा छ,’ उनले भने ।

अभिनेता सन्दीप क्षेत्रीले फिल्म निर्माणकै प्रक्रियामा आफूले पटकथाको बारेमा जानकारी पाएको बताए । पटकथालाई पर्दामा र माइलोसँग प्रस्तुत गरिएको बताउँदै उनले भने, ‘मैले सुनेको पटकथा फिल्ममा कस्तो भएर आएको होला भन्ने कौतुहलता थियो । फिल्म र माइलो बनेको रहेछ । म धेरै ठाउँ हाँसेको छु । दर्शकलाई पनि फिल्म रमाइलो लाग्नेछ ।’

गायक महेश काफ्लेले फिल्मले मानवमा देखिने सम्पूर्ण भावलाई बोकेको धारणा व्यक्त गरे । ‘यसको कथा नदीझैं सलल बगेको छ, हेरुन्जेल हाँसो रोकिन्न । लाइट कमेडीले दर्शकलाई आनन्दित बनाउँछ । मैले त फिल्म हेर्दा एकदमै इन्जोय गरें,’ उनले भने ।

प्रिमियरमा फिल्मलाई ‘मनोरञ्जनको प्याकेज’ भन्ने प्रतिक्रिया मिलेपछि अभिनेत्री गरिमा शर्माले आफूमा थप उत्साह बढेको बताइन् । पहिलो पटक मुख्य भूमिकामा काम गरेकी उनले फिल्मको रिलिज नजिकिँदै गर्दा आफूमा उत्साह र डर दुवैको मिश्रण रहेको अनुभव सुनाइन् ।

अभिनेता सौगात मल्लले प्रिमियरमा जस्तै प्रतिक्रिया फिल्मलाई दर्शकबाट पनि प्राप्त हुनेमा आफू विश्वस्त रहेको बताए । ‘हामीले राम्रो काम गरेका छौं भन्ने लागेको छ, प्रतिक्रिया त्यस्तै पाएको छु । अघिल्ला फिल्ममा भन्दा यसमा म केही भिन्न देखिएँ जस्तो लागेको छ । दर्शकले रुचाउनुहुन्छ भन्नेमा आशावादी छु,’ उनले भने ।

सिमोस सुनुवारको निर्देशनमा तयार भएको फिल्ममा सौगात र गरिमासहित आसिफ शाह, लोकेन्द्र लेखक, विशाल पहाडी, रमा थपलिया, रमेश शाह, कमल देवकोटा, रुषा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम लगायतको अभिनय छ । सन्तोष गौतमको निर्माण रहेको फिल्मलाई प्रदीप भारद्वाजले लेखेका हुन् । फिल्मको देशव्यापी अग्रिम टिकट बुकिङ खुला भैसकेको छ ।

# माधव नेपालबारे अख्तियारको निष्कर्ष : ‘कर्मचारीलाई दबाब दिएर पतञ्जलिलाई जग्गा दिलाए’




काठमाडौं/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालमाथि बुधबार भ्रष्टाचार मुद्दा दायर गऱ्यो । अख्तियारले मन्त्रिपरिषद्को निर्णयबाट हदबन्दी छुटको जग्गा सट्टापट्टाको स्वीकृति दिएर भ्रष्टाचार गरेको अभियोग लगाएको हो । भूमिसम्बन्धी ऐनले उद्योग, कृषि लगायतका काम गर्न हदबन्दीभन्दा छुटको जग्गा राख्न पाउने सुविधा दिएको छ । मन्त्रिपरिषद्को अनुमतिमा मात्रै पाइने हदबन्दी छुटको जग्गा त्यही प्रयोजनमा प्रयोग गर्नुपर्छ ।

सुविधा पाउने कम्पनी विघटन वा भंग भएमा त्यो जग्गा सरकारीकरण हुने कानुनी व्यवस्था छ । तर पूर्वप्रधानमन्त्री नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले सरकारीकरण हुनुपर्ने जग्गा सट्टापट्टाको सुविधा दिएको अख्तियारको आरोप छ । कति जग्गा खरिद भएको हो, कुन ठाउँमा जग्गा खरिद भएको भन्ने कुनै विवरण संलग्न नगरी हदबन्दी छुट दिएको अनि त्यसलगत्तै जग्गा सट्टापट्टाको सुविधा दिएको आरोपपत्रमा उल्लेख छ ।

अख्तियारले पूर्वप्रधानमन्त्री नेपालमाथि मन्त्रिपरिषद्का सचिव (मुख्यसचिव) माधवकुमार घिमिरेमाथि अनावश्यक दबाब दिएको आरोप समेत लगाएको छ । आरोपपत्र अनुसार, पूर्वप्रधानमन्त्री नेपालले प्रस्ताव र त्यसका कागजपत्रहरू कानुनसम्मत थिए वा थिएनन् भन्ने जाँच गर्न लगाएनन् । अनि पेस भएका कागजात कानुनसम्मत थिए कि थिएनन् भन्नेबारे कुनै परामर्श समेत भएन । अख्तियारले काभ्रेको साँगा, महेन्द्रज्योति र चलालगणेशस्थानमा खरिद भएको करिब ५५४ रोपनी जग्गालाई मान्यता दिने नियतले मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको र त्यसलाई स्वीकृत गरेको आरोप लगाएको छ ।

२२ पुस, २०६६ मा माधव नेपाल मन्त्रिपरिषद्को बैठकले नै जग्गा हदबन्दी छुटसम्बन्धी कार्यनीति परिमार्जन गरेको थियो । परिमार्जित ‘उद्योग प्रतिष्ठानहरूलाई अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिनेसम्बन्धी कार्यनीति, २०६२’ ले अर्को निर्णय नभएसम्म हदबन्दी छुट नदिने निर्णय लिएको थियो । अख्तियारले पूर्वप्रधानमन्त्री नेपालमाथिको आरोपमा भनेको छ, ‘सोही कार्यनीतिबमोजिम उद्योग नगर्ने पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई हदबन्दी छुट दिनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरे/गराएको देखिन्छ ।’

पछि मन्त्रिपरिषद्ले पतञ्जलिको विषयलाई सामाजिक समितिमा पठाएको थियो । अनि समितिबाट निर्णय गरेअनुसारकै काम गर्ने भनी मन्त्रिपरिषद्बाट निर्णय भएको थियो । त्यो कुरालाई तत्कालीन संस्कृतिमन्त्री डा. मिनेन्द्र रिजालले अख्तियारमा गरेको बयानमा पनि खुलाएका छन् । अख्तियारले आरोपपत्रमा भनेको छ, ‘बैठकबाट पेस भएको प्रस्तावबमोजिम उद्योग नगर्ने पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनीलाई हदबन्दी छुट दिने निर्णय गरी/गराई पत्राचार समेत भए गरेको देखिन्छ ।’

अख्तियारको आरोपपत्र अनुसार, पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी नेपाल भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी छुट पाउने प्रकृतिको उद्योग थिएन । अनि हदबन्दी छुट पाउने कुनै कानुनी आधार समेत थिएन । कम्पनी रजिष्ट्रारको कार्यालयमा पेस भएको प्रबन्धपत्रबाट जग्गाको हदबन्दी छुट सुविधा पाउने उद्योगअन्तर्गत नपर्ने अवस्था देखिएको अख्तियारको दाबी छ । अख्तियारले आफ्नो निर्णयमा भनेको छ, ‘पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी नेपाललाई गैर कानुनी लाभ र सरकारी तथा सार्वजनिक सम्पत्ति हानि-नोक्सानी पुग्ने तथ्य स्पष्ट देखिँदादेखिँदै मुख्यसचिव तथा विभागीय मन्त्रीलाई ठाडो प्रस्ताव पेस गर्न निर्देशन दिएको तथ्यमा विवाद देखिँदैन ।’

पतञ्जलि योगपीठले काभ्रेमा खरिद गरेको जग्गा जफत वा सरकारी कायम गर्नुपर्नेमा बिक्री-वितरण र सट्टापट्टा गराउने बदनियत राखेको भन्दै मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव पेस गर्नुमा पनि पूर्वप्रधानमन्त्री नेपालको बदनियत भनी व्याख्या गरेको छ ।

त्यसमाथि भूमिसुधार मन्त्री डम्बरबहादुर श्रेष्ठले नै आफ्नो टिप्पणीमा ‘जग्गा बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृतको लागि सम्माननीय प्रधानमन्त्रीबाट प्रस्ताव ल्याउन मौखिक रूपमा निर्देशन दिएको हुँदा सो अनुसार मन्त्रिपरिषद्मा पेस गर्न स्वीकृत’ भनी लिखित निर्णय गरेका थिए । पूर्वप्रधानमन्त्री नेपालले प्रस्ताव पेस गर्न पूर्वसचिव छविराज पन्तलाई दबाब दिएको अनि तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँलाई कारबाहीको धम्की समेत दिएको अख्तियारको आरोप छ । छविराज पन्तले आफूमाथि प्रधानमन्त्री, मन्त्री एवं मुख्यसचिवले दबाब दिने गरेको भनी बयान गरेका थिए । अख्तियारले ‘पतञ्जलिका समग्र कारबाहीमा थेग्नै नसक्ने राजनीतिक दबाब परेको स्पष्ट देखिन्छ’ भनी घटनाक्रमको व्याख्या गरेको छ । *(स्रोत: अनलाइनखबर)*

# ‘मोहर’को नयाँ पोस्टर: पलको अंगालोमा बेनिशा र नीति




काठमाडौं/आगामी साउन २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘मोहर’को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ ।

ओम प्रतिकको लेखन तथा निर्देशनमा तयार भएको फिल्मको नयाँ पोस्टरले दर्शकमाझ कौतुहलता जगाउन सक्ने देखिन्छ । किनकि, पोस्टरमा अभिनेता पल शाह दुई फरक गेटअपमा प्रस्तुत छन् । एउटामा उनलाई छोटो कपाल र अर्कोमा लामो कपालसहित देख्न सकिन्छ ।

लामो कपाल पालेको गेटअपमा उनको अंगालोमा अभिनेत्री बेनिशा हमाल छिन् । दुवै भावुक मुद्रामा देखिएका छन् । कपाल छोटो भएको गेटअपमा भने पलको अंगालोमा अर्की अभिनेत्री नीति शाह बाँधिएकी छिन् । यसमा उनीहरु निराश भावमा चित्रित छन् । पोस्टरले दुईटा कुरा संकेत गर्छ । या त फिल्ममा पल दोहोरो भूमिकामा छन्, कि त फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित छ ।

‘अलिखित नियमहरूमा आधारित कथा’ भनिएको ‘मोहर’मा अर्जुन जंग शाही, मिथिला शर्मा, रवीन्द्र झा, लक्ष्मी गिरी, बाल-कलाकार सारा शर्मा लगायतको पनि अभिनय रहेको छ । चुम्बन जंग शाहीको निर्माणमा तयार भएको फिल्ममा दिपेन बस्न्यातको छायांकन, कुमार महर्जनको द्वन्द्व निर्देशन, सुरेश अधिकारी र एसडी योगीको संगीत तथा प्रमोद ढुंगाना र हर्क साउदको शब्द छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# खानेपानीका लागि साझेदारी संस्थासँग सहकार्य हुन्छ: अध्यक्ष मुक्तान

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले गाउँपालिकाभित्र खानेपानीक्षेत्रमा काम गर्ने विभिन्न साझेदारी संस्थासँग सहकार्य गरेर खानेपानी र सरसफाइको क्षेत्रमा काम गरिने बताएका छन् ।

विहीबार गाउँपालिकामा आयोजित खानेपानी तथा पूर्णसर सफाई अभिमुखीकरण गोष्ठीलाई सम्बोधन गर्दै अध्यक्ष मुक्तानले खानेपानी र सरसफाईको क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य गरेर खानेपानीक्षेत्रको विकासमा गाउँपालिका लाग्ने बताए । दिगो विकासका लक्ष्यअनुसार सुरक्षित स्रोत, प्रयोग गरिने स्थानको उपलब्धता र आवश्यकता अनुसार पर्याप्त पानीका स्रोत भएमात्रै घरघरमा पानी लान सकिने उनले बताए । 'हामीलाई सफा पानी भन्दा पनि सुरक्षित पानी आवश्यक पर्दछ, मानवस्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रसायनिकपदार्थ नभएको पानी हामीलाई आवश्यक हो' अध्यक्ष मुक्तानले भने ।



पानीबाट विभिन्न रोगहरु लाग्नेभएकाले सुरक्षित पानीको लागि गाउँपालिकाले आवश्यक योजना बनाएर काम गरिरहेको उनले बताए । सरसफाईका कारण देशमा वार्षिक सयौं नागरिकको मृत्यु भइरहेको अवस्थामा योजना तर्जुमा तथा व्यवस्थापनको सूचकमा रहेर गाउँपालिकाले आवश्यक काम गर्ने प्रतिवद्धता उनले व्यक्त गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय सरकारको एकल अधिकारभित्र अनुसूची ८ मा उल्लेख भए बमोजिम आधारभूत स्वास्थ्य तथा सरसफाइलाई कार्यान्वयन गरिरहेको उनले बताए ।

'गाउँपालिकाले खानेपानीको क्षेत्रका लागि ४ वटा साझेदारी संस्थासँग सहकार्य गर्दै आइरहेको छ, हामीले बजेट ल्याएपछि पनि एकपटक पुन: कार्ययोजना बनाई छलफल गर्नेछौं' उनले भने । सीमान्तकृत वर्ग, जनजातिको बाहुल्यता रहेको कैलाशका नागरिकमा चेतनाको कमी रहेको अवस्थामा टोलबाटै सचेतना जगाउनुपर्नेमा उनले जोड दिए । शान्ति नेपाल संस्थाका संस्थापक अध्यक्ष डा. कृष्णमान श्रेष्ठले खानेपानी, पूर्णसरसफाई र स्वच्छताको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । उनले पूर्णसरसफाईका सूचक, खानेपानी सरसफाई र स्वच्छताका असरहरु, पानीबाट लाग्ने विभिन्न रोगहरु, पानी शुद्धिकरणका घरेलु विधि, दीगो विकास लक्ष्यको १७ वटा लक्ष्यमध्ये ६ नम्बरमा रहेको स्वच्छ पिउने पानी तथा सरसफाईका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, वडा नम्बर १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, ४ का वडाध्यक्ष तिलक बहादुर मुक्तान, ७ का वडाध्यक्ष उदास ब्लोन, ८ का वडाध्यक्ष आशिष प्रजा, ९ का वडाध्यक्ष भूवनसिं घलान, १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन, कार्यपालिका सदस्यहरु गोरीमाया भुलुन, सुन्तली सुनुवार, राममाया प्रजा, शान्ति नेपालका संस्थापक अध्यक्ष डा. श्रेष्ठ, नेपाल ग्रामीण पुनर्निमार्ण संस्था (आरआरएन)का कार्यक्रम संयोजक लिलबहादुर कार्की, प्रेमसेवा समाजका अध्यक्ष मीरा स्याङ्तान, समाजका परियोजना संयोजक उद्धवबहादुर चेपाङलगायतको आतिथ्यता रहेको थियो ।

# वातावरणमैत्री झोला निर्माण तालिम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ मकवानपुरको थाहा नगरपालिकामा सञ्चालित ३० दिने वातावरणमैत्री झोला निर्माण तालिम सम्पन्न भएको छ ।

उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाको आयोजना र थाहा नगरपालिका-३ तथा थाहानगर उद्योग वाणिज्य संघको व्यवस्थापनमा थानाबजारमा सम्पन्न तालिममा १७ जना महिलाको सहभागिता रहेको थियो । समापन समारोहमा प्रमुख अतिथिको रुपमा उपस्थित थाहा नगर प्रमुख विष्णु बिष्टले वातावरणमैत्री झोलाको बजारीकरणमा नगरपालिकाले सहयोगी भूमिका खेल्ने बताए ।

उनले प्लास्टिकजन्य पदार्थको विकल्पको रुपमा यस्ता झोलाको प्रयोगलाई प्रवर्द्धन गर्नु आवश्यक रहेको उल्लेख गर्दै, यस्तो सीपले महिला स्वरोजगारमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । नगरप्रमुख बिष्टले प्रदेश सरकार, स्थानीय सरकार र उद्योग वाणिज्य संघबीचको सहकार्यबाट सीपमूलक तालिमहरु भए तापनि अपेक्षित दक्षजनशक्ति उत्पादनमा कमी देखिएको टिप्पणी गर्दै अब व्यवहारिक कार्यान्वयनमा ध्यान दिनुपर्ने धारणा राखे । वातावरणीय सरसफाइ र मानवस्वास्थ्यको दृष्टिले प्लास्टिकको विकल्पमा यस्ता झोला प्रभावकारी हुने बताए ।

वडा नं. ३ का अध्यक्ष तथा थाहा नगरपालिका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीले सिकेको सीप व्यवहारमा उतार्न आग्रह गर्दै स्वच्छ र समृद्ध नगर निर्माणमा सबैको सक्रियता आवश्यक रहेको बताए । कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालले संघले सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको बताए ।

प्रशिक्षार्थीले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा प्रयोग गर्न तयार रहेको बताएका थिए । तालिम समापन समारोह उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाका प्रमुख रामप्रसाद भुषालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, थाहानगर उद्योग वाणिज्य संघका वरिष्ठउपाध्यक्ष शम्भुसिंह कार्की, प्रशिक्षक आरती श्रेष्ठ, र उद्यम विकास सहजकर्ता लेखमान राउतको उपस्थिति रहेको थियो ।

# विपद्को उद्दारका लागि उपकरण खरिद अत्यावश्यक: मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले उद्दारकार्यका लागि आवश्यक उपकरण खरिदमा प्रदेश सरकारले बजेट व्यवस्था गर्ने बताएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले बिहीबार देवघाटस्थित नारायणी नदीकिनारमा आयोजना गरेको मौसमजन्य विपद् व्यवस्थापनका लागि संयुक्त कृत्रिमअभ्यास कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री लामाले विपद्को उद्दारका लागि आवश्यक उपकरण खरिद अत्यावश्यक भएको धारणा राखेका छन् । 'विपद्को व्यवस्थापन कसरी गर्ने भन्ने चुनौती छ । बागमती प्रदेश त अझै विपद्को उच्चजोखिममा रहेको प्रदेश हो', उनले भने । मुख्यमन्त्री लामाले विपद्बाट हुने क्षति न्यूनीकरणका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी लगायत सरोकारवाला निकायको भूमिका उल्लेखनीय रहेको बताएका छन् ।

'प्रदेश सरकारले बजेटमै व्यवस्था गरेर पनि विपद्उद्दारका लागि आवश्यक उपकरण खरिदको व्यवस्था गर्नेछ । अब हामीले विपद् रोक्न नसके पनि विपद्बाट हुने क्षति कमगर्न हाम्रो भूमिका रहने छ', उनले बताए । यसवर्ष मौसमजन्य



विपद् बढी हुने मौसम अनुमान गरिएका कारण पनि थप सर्तक रहन मुख्यमन्त्री लामाले सुरक्षा निकायलाई निर्देशन दिए । विपद्लाई व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा कृत्रिमअभ्यास अनुकरणीय रहेको उनले बताए । विश्व तापक्रममा देखिएको वृद्धिले बाढीपहिरोको जोखिम बढाएकाले यसको नियन्त्रण गर्न उनले आग्रह गरे ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले यो वर्ष मौसमजन्य विपद्ले बागमती प्रदेशका १० जिल्ला जोखिममा रहेका र त्यसबाट ७४ हजार घरपरिवारका ३ लाख ३६ हजार नागरिक प्रभावित हुनसक्ने अनुमान मन्त्रालयले गरेको जानकारी दिएका छन् । 'मनसुनजन्य जोखिमको प्रभाव बागमति प्रदेशमा बढी छ । यसवाट हुने क्षति न्यूनीकरणमा लाग्न अहिलेको आवश्यकता हो', उनले भने । नेपाली सेनाको मध्यपृतना मुख्यालय हेटौंडाका पृतनापति हरेन्द्र पाठकले प्राकृतिक प्रकोप कसैको नियन्त्रणमा नभएकाले यसको व्यवस्थापन चुनौतीपूर्ण रहेको बताए ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस र नेपाल स्काउटका २०० जनाले अभ्यासमा सहभागिता जनाएका थिए । नेपाली सेनाको नेतृत्वमा गरिएको अभ्यासका क्रममा नारायणीमा बगेर आएका सर्वसाधरणको उद्दार अभ्यास गरिएको थियो । उद्दारकर्मीले डुँगा, र्‍याफ्टिङलगायतका साधनबाट नदीमा बगेका मानिसको उद्दार गरेका थिए । कार्यक्रममा नेपाली सेनाका सेनानी सुर्दशन वोहोराले विगत पाँच वर्षको अवधिमा नेपालमा बाढीपहिरोबाट ९१४ जनाको मृत्यु, १०१ जना वेपत्ता र ७५० जना घाइते भएको तथ्याङ्क जानकारी दिए ।

# प्लाष्टिकले पृथ्वीलाई डरलाग्दो अवस्थातिर धकेलिरहेको छ: प्रदेशप्रमुख देवकोटा

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ बागमतीका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्लाष्टिकले पृथ्वीलाई कुरुप, असुरक्षित र डरलाग्दो अवस्थातिर धकेलिरहेको बताएका छन् ।

५३ औं विश्व वातावरण दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रदेशप्रमुख देवकोटाले प्लाष्टिकको बढ्दो प्रयोगले वातावरणीय प्रदुषण र वातावरणीय असन्तुलनको डरलाग्दो परिणाम निम्त्याएको बताए । 'यसले पृथ्वीको पारिस्थितिक प्रणालीमा नकारात्मक प्रभाव पारेको छ' उनले भने, 'पानी, वायु र जमिनको प्रदुषण बढाएको छ ।' प्रदेशप्रमुख देवकोटाले जैविकविविधतामा संकट निम्त्याएको प्रति गम्भिर हुँदै प्लाष्टिकलगायतको प्रदुषणबाट गम्भीर वातावरणीय परिणाम कम गर्नतर्फ सचेत रहनुपर्ने सन्देश दिएका छन् ।

'पृथ्वी हाम्रो साझा घर' उनले सन्देशमा भनेका छन् 'कुनैपनि देश वा क्षेत्रको वातावरणमा आएको विनाशले अर्को देश र क्षेत्रलाई पनि असर पार्दछ, जलवायु



परिवर्तन, पृथ्वीको तापक्रममा वृद्धि, पानीका स्रोत र माटोमा प्लाष्टिकको जालो, वनविनासजस्ता क्रियाकलापले पृथ्वीका अरु प्राणीलगायत मानव अस्तित्व नै संकटमा पर्ने खतरा छ, हामी सचेत हुनुपर्छ ।' वातावरण विनासको मुख्य कारक मानवसमुदाय रहेको उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले पृथ्वीको कोमलताप्रति खेलवार्ड गरेर आफ्नो खुट्टामा आफैं बन्चरो प्रहार गरिरहेको जिकिर गरे ।

मानव-प्रकृतिसँगको सम्बन्धलाई केवल उपयोगको हैसियतमा होइन, सह-अस्तित्वको भावनाबाट हेर्नुपर्ने उनले सन्देशमा उल्लेख गरेका छन् । प्लाष्टिकजन्य सामग्रीको विकल्प खोज्न उनले आग्रह समेत गरे । वातावरणीय सचेतनाका लागि कालापत्थरमा मन्त्रीपरिषद् बैठक, हालै सम्पन्न 'सगरमाथा संवाद' जस्ता वातावरण संरक्षणमा संसारको ध्यान आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरेर नेपाल सरकारले जलवायु परिवर्तन, हिमालीक्षेत्रको संरक्षण र मानव भविष्यका लागि पहल गरेको उनले उल्लेख गरेका छन् ।

# फोहोरमैला व्यवस्थापनको महत्वबारे चेतनामूलक कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ 'प्लाष्टिक प्रदूषण न्यूनीकरण: हाम्रो दायित्व' नाराकासाथ मकवानपुरको राक्सिराङ गाउँपालिकामा विश्व वातावरण दिवस मनाइएको छ ।

राक्सिराङ गाउँपालिकाको आयोजनामा वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनको महत्वको बारेमा सचेतनामूलक कार्यक्रम गरिएको हो । बिहिबार बिहानै पालिकाको सभाहलमा वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनको महत्वको बारेमा कार्यक्रमलगत्तै भव्य ऱ्यालीको आयोजना गरिएको थियो । ऱ्यालीमा गाउँपालिका अध्यक्ष राज कुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेत, पालिका कर्मचारी, स्थानीय विद्यालयका विद्यार्थी, शिक्षक, र स्थानीय बासिन्दाको सहभागिता रहेको थियो ।

सहभागीहरुले प्लास्टिक प्रदूषणको विरुद्धमा विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेर ऱ्यालीमा भाग लिएका थिए । ऱ्यालीपश्चात, पालिका परिसरमा वृक्षरोपण गरिएको थियो । गाउँपालिका अध्यक्ष मल्लले हरित गाउँपालिका बनाउने अभियानलाई सार्थकता दिनको लागि अब फोहर फैलाउने प्लाष्टिकजन्य वस्तुको प्रयोग रोक्न प्लाष्टिकजन्य सामग्री नियन्त्रणको प्रयासमा पालिका निर्ममतापूर्वक लाग्ने बताए । गाउँपालिकाले दिवसको अवसरमा स्थानीय बासिन्दालाई प्लास्टिकको प्रयोग घटाएर पुन: प्रयोग गर्न मिल्ने सामग्रीको प्रयोग गर्न आग्रह गरेको छ ।

# वातावरण दिवसको अवसरमा जनचेतनामूलक साइकल ऱ्याली

साझाकुरा संवाददाता

हेटौंडा, २२ जेठ/ ५३ औं विश्व वातावरण दिवसको अवसरमा बिहिबार हेटौंडामा जनचेतनामूलक साइकल ऱ्याली निकालिएको छ ।

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको आयोजना एवम् हिमालयन राइडर्स सोसाइटी मकवानपुरको संयोजनमा साइकल ऱ्याली निकालिएको हो । साइकल ऱ्यालीमा वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल, मन्त्रालयका सचिव डा.केदार बराल, हिमालयन राईडर्स परिवार, साइकल सिटी परिवार, जिल्ला साइकल संघका पदाधिकारी सहित २ सय जना सहभागी थिए । मन्त्री सिलवाल र सचिव बरालले सहभागीसँगै साइकल चलाएर यात्रा गरेका थिए ।



सोसाइटीका अध्यक्ष राजु थापामगरको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा मन्त्री सिलवालले साइकल कल्चरको विकास हुन नसकेको बताए । वन मन्त्रालयबाट सुरु भएको ऱ्याली चोकीटोल, बुद्धचोक, राप्तीरोड, बसपार्क, सीमाचोक, शीतलमहल चोक, पशुपति मन्दिर हुँदै हुप्रामा पुगेर समापन भएको हो ।


## क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०२/२३*

उपरोक्त सम्बन्धमा हे.उ.म.न.पा ३ नं. वडा कार्यालय बसामाडीको कार्यादिश, सवारी परीक्षण कार्यालय हेटौंडा मकवानपुरको प्राविधिक स्पेसिफिकेशन तथा लागत अनुमान र मिति २०८२/०२/२२ को विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस विद्यालयको सेवा क्षेत्र भरीको स-साना बालबालिकाहरुलाई बिहानको समयमा घरदेखि विद्यालयसम्म ल्याउन र विद्यालय समय पश्चात घरसम्म पुऱ्याउनको लागि १ थान १५ सिटको Four Wheel Electric Passenger Vehicle खरिद गर्नु पर्ने भएकोले सार्वजानिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा ८ को उपदफा १ (क ८) तथा सार्वजनिक खरिद नियमावली २०६४, (संसोधन सहित) को नियम ख अनुरुप इताजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र नविकरण भएको इजाजतपत्र, आयकर प्रमाणपत्र, मूल्य अभिबृद्धि कर प्रमाणपत्रहरु, आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखेर उत्पादक वा अभिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद कार्यविधि, २०७४ को दफा ८ बमोजिम सूचि दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएको निवेदन उपर कुनै कार्यवाही हुने छैन । थप जानकारीको लागि यस विद्यालयको सूचना पाटीमा हेर्नु हुन समेत अनुरोध छ ।

**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**

**हे.उ.म.न.पा.-३, लेवट मकवानपुर**

**सम्पर्क नं.:** ९८५५०७०९४४(प्र.अ.), ९८५५०७४३१५ (अध्यक्ष)


## सच्याइएको

यस साझाकुरा दैनिकमा मिति २०८२ बैशाख १४ गतेको चौथो पृष्ठमा प्रकाशित *श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०१/१२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना* मा निवेदक शैलेन्द्र कुमार पाण्डेको फिल्डबुक व्यहोराको **क्षेत्रफल ज.वि. १-५-०** हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## जनहितमा जारी सन्देश !

**(क) सवारी चालक सचेतना सम्बन्धी**

१. बागमती प्रदेश सरकारले सवारी नवीकरण, कर भुक्तानी तथा पटके मार्ग इजाजत सम्बन्धी कार्य अनलाइन मार्फत प्रदान गरिदैं आएकोले अनलाइन सेवा लिइ लाभान्वित हुनुहोला ।
२. सवारी चालक अनुमतिपत्र (लाईसेन्स) विना सवारी नचलाऔं ।
३. मादक पदार्थ सेवन/लागू औषध सेवन गरेर साथै मोबाइलमा कुरा गर्दै सवारी नचलाऔं ।
४. तीव्र गतिमा सवारी नचलाऔं साथै बस्ती क्षेत्रमा बाटो खाली भएतापनि प्रति घण्टा ४० कि.मी. भन्दा कम गतिमा सवारी चलाऔं ।
५. चोक चौराहा, साँघुरो पुल/बाटो, घुम्ती (मोड) मा विस्तारै सवारी चलाऔं ।
६. लापरवाही र हेलचेक्राइ तवरबाट प्रतिस्पर्धाको भावना राखी जथाभाबी ओभर टेक नगरौं ।
७. राजमार्ग, सहायक राजमार्ग, भित्री सडकमा सवारी चलाउँदा मानिस (बालबालिका), गाई बस्तु हिँडडुल गर्ने तथा बाटो (वारपार) काट्ने हुनाले विशेष सतर्कता/सावधानी अपनाई नियन्त्रित गतिमा सवारी चलाऔं ।
८. तोकिए भन्दा बढी मात्रामा यात्रुहरू तथा वजन/तौल राखी सवारी नचलाऔं ।
९. सडकमा जथाभाबी सवारी पार्किङ नगरौं, तोकिएको ठाउँ/स्थानमा मात्र पार्किङ गरौं ।
१०. यात्रुहरूसँग शिष्ट भाषा र सभ्य व्यवहार गरौं साथै यात्रुलाई सवारीमा चढाउँदा (राख्दा) तानातान गर्ने, दुर्व्यवहार गर्ने, अनावश्यक दुख हैरानी दिने कार्य नगरौं ।

**(ख) श्रम सचेतना सम्बन्धी**

१. श्रमिकको अधिकार सुनिश्चित गरौं ।
२. श्रम र श्रमिकको सम्मान गरौं ।
३. श्रमको उचित मूल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
४. कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं। श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
५. मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
६. उद्योग प्रतिष्ठानमा सुरक्षित कार्य वातावरण सुनिश्चित गरौं। श्रमिक र रोजगारदाता बीच सौहार्दपूर्ण सम्बन्ध कायम गरौं । श्रमिकको योगदानको कदर गरौं ।
७. 'श्रमको सम्मान, राष्ट्रको अभियान' अन्तरराष्ट्रिय श्रमिक दिवसको नारालाई सार्थक बनाऔं ।
८. वैदेशिक रोजगारीमा जानुअघि पर्याप्त जानकारी लिई सीप सिकेर मात्र जाऔं।

बागमती प्रदेश सरकार
**श्रम, रोजगार तथा यातायात मन्त्रालय**
हेटौंडा, नेपाल


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०२/२१ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

***निवेदक-*** *केम कुमारी पाठक (पत्नि)* ***जग्गावाला-*** *धन बहादुर पाठक (पति)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ का तपशिल बमोजिमका जग्गा मेरो पति धन बहादुर पाठकको नाममा नाप नक्सा भई साविक भोग लगत समेत भिडि आएको र दर्ता गर्न छुट भएकोमा उक्त जग्गा साविक देखि नै निरन्तर हामीले नै जोतभोग गरी कमाई खाई आएकोले उल्लेखित जग्गावाला मेरो पति धन बहादुर पाठकको मिति २०६५/१२/२० मा मृत्यु भईसकेको र निजको हक खाने निजको एकमात्र पत्नि म केम कुमारी पाठक र ६ जना छोराहरु जेठो-मुरारी पाठक, माहिलो बालकृष्ण पाठक, साहिलो राधाकृष्ण पाठक, काइँलो अभिषेक पाठक, ठाईलो बिछोड पाठक र कान्छो तारा बहादुर पाठक भएको र दुई जना छोरीहरुको जायजन्म भएकोमा दुई जनाकै विवाहदान भई पर घर गईसकेकोले छोराहरु छोराहरु जेठो-मुरारी पाठक, माहिलो बालकृष्ण पाठक, साहिलो राधाकृष्ण पाठक, काइँलो अभिषेक पाठक, ठाईलो बिछोड पाठक र कान्छो तारा बहादुर पाठकको मंजुरीले म निवेदक केम कुमारी पाठकको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. ३५०६ मिति २०८२/०१/०९ को हकदार तथा हकभोग समेत खुलेको छुट जग्गा दर्ता नामसारी सिफारिस पत्र, वडा सर्जमिन मचुल्का, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्र, साविक लगत, फिल्डबुक उतार, प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी द.नं. १२४ मिति २०८२/०१/१२ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | धन बहादुर पाठक पं. हटिया वडा नं.-६ बुबा-...... बाजे-..... | हटिया | ६ | १२३ | ०-४-८ | केम कुमारी पाठक | जिल्ला मकवानपुर हटिया, २ नं. मौजे-हर्नामाडी, रै.नं. ३६४ को धन बहादुर पाठक |

*ईति संवत २०८२ साल जेठ महिनाको २१ गते रोज ४ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना